# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, माघ ६ गते २०२६ साल

श्री ५ को सरकार

### जल तथा विद्युत् मन्त्रालयको

### सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले चापागाउँ, ठेचो, सुनाकोठी आदि गाउँको निमित्त सार्वजनिक खानेपानि योजनाको रिजरभ्वायर (पोखरी) निर्माण गर्नको लागि निम्न लिखित जग्गा प्राप्त गर्न निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐनबमोजिम क्षति–पूर्ति पाउने हुँदा यो सूचना प्रकाशित गरिएको छ ।

१) पूर्व मूल सडक, पश्चिम, उत्तर नौखिलबहादुरको जग्गा, दक्षिण नखुखोला जाने बाटो यति ४ किल्लाभित्रको जिल्ला ललितपुर, चापागाउँ पञ्चायत ताहाखेल ६ नं. वडा कित्ता नं. २६ को ६।।।≡ को मालपोत रू. ३८।६६ लाग्ने मध्येको रोपनी ३ को कित्ता एक – – – – – १

२) पूर्व भरतबहादुर खँड्काको जग्गा, पश्चिम कुलो र मूल बाटो, उत्तर सुकुकाजी महर्जनको जग्गा, दक्षिण बेखाबहादुर महर्जनको जग्गा यति ४ किल्ला भित्रको जिल्ला ललितपुर सुनाकोठी पञ्चायत १ ख नं. वार्ड कित्ता नं. १८७ को १।=। को मालपोत रू. ३।८६ लाग्ने कित्ता एक – – – १

आज्ञाले–

लक्ष्मणप्रसाद रिमाल

श्री ५ को सरकारको सचिव ।

५८३



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।